# बागमती सिंचाइ आयोजना : सिंचीत क्षेत्र विकास तथा विस्तार योजनाको संक्षिप्त परिचय

बागमती सिंचाइ आयोजना नेपालको एक वृहत सतह सिंचाइ आयोजनाहरु मध्येको एक हो । बागमती सिंचाइ आयोजानाले हाल सम्म रौटहट र सर्लाही जिल्लाका सिमित क्षेत्रहरुमा करिव ४५ हजार हेक्टरमा मात्र सिंचाई पुराइरहेको अवस्थामा, हाल निमार्णाधिन रहेको सुनकोशी मरीन डाइर्भसन बहुउद्देश्यीय आयोजना सम्पन्न भए पश्चात प्राप्त हुने थप ७७ क्यूमेक्स पानीबाट बागमती सिंचाइ आयोजनाको पानी तराईका हालसम्म भरपर्दो किसिमले सिंचाइ सुविधा नपुगेको बारा, रौटहट, सर्लाही र महोत्तरी जिल्लाका करिव २ लाख घरपरिवारलाई प्रत्यक्ष लाभ पुग्ने गरि, कुल करिव १,२२,००० हेक्टर जमिनमा सिंचाइ सुविधा पुऱ्याउने उद्देश्य लिइएको छ । यो परियोजना सम्पन्न भए पश्च्यात, नेपालको ४ जिल्लाको अधिकांश भागमा सिंचाइ पुग्ने देशकै सबैभन्दा ठुलो सिंचाई परियोजना हुनेछ ।

## बागमती सिंचाइ आयोजनाको विस्तार

वर्तमान अवस्थामा, बागमती सिंचाइ आयोजना अन्तरगतका मूल नहरहरु, बागमती ब्यारेजको **पश्चिम तर्फ रौटहट जिल्लाको लाल बकैया नदी सम्म करिब २४.७ कि.मी. र पूर्व तर्फ सर्लाही जिल्लाको झिम नदी सम्म करिब २१ कि.मी. संचालनमा रहेको छ ।**

यस बागमती सिंचाइ विस्तार आयोजना अन्तरगत, पश्चिम तर्फ बारा जिल्लाको **लाल बकैया नदी देखी दुधौउरा नदी सम्म** (करिब **२५.५५ कि.मी.**) र पूर्व तर्फ महोत्तरी जिल्लाको **झिम नदी देखी रातु नदी सम्म** (करिब **३३.११ कि.मी.**) **मूल नहर बिस्तार** गर्ने उद्देश्य रहेको छ । पूर्व र पश्चिम तर्फका यी मूल नहरको बिस्तारको साथसाथै, सहायक नहर र उप-सहायक नहरहरुको संजाल विस्तार गरि, बारा र रौटहट जिल्ला तर्फ करिब **३२,५६० हेक्टर थप जमिनमा** र सर्लाही र महोत्तरी जिल्ला तर्फ करिब **४४,८०० हेक्टर** थप जमिनमा सिंचाई सुविधा पुऱ्याउने उद्देश्य लिइएको छ ।

प्रस्तावित नयाँ नहरहरुको लम्बाई, नहर निर्माणार्थ आवश्यक पर्ने जग्गाको क्षेत्रफल तथा सिंचीत क्षेत्रको विवरण निम्न बमोजिम छ :

| | पश्चिम तर्फ (बारा र रौटहट जिल्ला) | | पूर्व तर्फ (सर्लाही र महोत्तरी | | कुल जम्मा | |
|---|---|---|---|---|---|---|
| | नहर लम्बाई (कि.मी.) | जग्गा आवश्यक (हेक्टर) | नहर लम्बाई (कि.मी.) | जग्गा आवश्यक (हेक्टर) | नहर लम्बाई (कि.मी.) | जग्गा आवश्यक (हेक्टर) |
| मूल नहर | २५.५५ | १५३.२७ | ३३.११ | १९८.६६ | ५८.६६ | ३५१.९३ |
| सहायक नहर | ६५.८० | १४४.७७ | ८९.९६ | २१०.०१ | १५५.७६ | ३५४.७८ |
| उप-सहायक नहर | ८४.४९ | १२६.७४ | १८९.६३ | २७५.२१ | २७४.१२ | ४०१.९४ |
| जम्मा | १७५.८४ | ४२४.७८ | ३१२.७० | ६८३.८८ | ४८८.५४ | ११०८.६५ |
| वन क्षेत्र | १.३० | ७.८० | ६.३० | ३७.८१ | ७.६० | ४५.६१ |
| वन क्षेत्र बाहेकको क्षेत्र | १७४.५४ | ४१६.९८ | ३०६.४० | ६४६.०७ | ४८०.९४ | १०६३.०५ |
| सिंचीत क्षेत्रफल | | | | | | |
| यस विस्तार आयोजनले थप गर्ने सिंचीत क्षेत्रफल | ३२,५६० हेक्टर | | ४४,८०० हेक्टर | | ७७,३६० हेक्टर | |
| सम्पूर्ण आयोजन निमार्ण पश्च्यात हुने कुल सिंचीत क्षेत्रफल | ५५,००९ हेक्टर | | ६७,५३१ हेक्टर | | १२२,५४० हेक्टर | |


पश्चिम तर्फको (विस्तारीत क्षेत्रको) सिंचाई प्रणालीले प्रभाव पार्ने क्षेत्रहरु :

| जिल्ला | पालिका नाम | वडा नं. |
|---|---|---|
| बारा | आदर्श कोटवाल गा.पा. | १, २, ३, ४, ५, ६, ७, ८ |
| | बारागढी गा.पा. | १, २, ३, ४, ५, ६ |
| | देवताल गा.पा. | ७ |
| | जितपुर सिमरा उ.न.पा. | ८, १७, १९, २०, २४ |
| | कलैया उ.न.पा. | १, २, ३, ४, ५, ६, ७, ८, ९, १०, ११, १२, १३, १४, १५, १६, १७, १८, १९, २०, २१, २२, २३, २४, २५, २६, २७ |
| | करैयामाई गा.पा. | १, २, ३, ४, ५, ६, ७, ८ |
| | कोल्हवी न.पा. | १, २, ३, ४, ५, ६, ७, ८, ९, १०, ११ |
| | महागढिमाइ न.पा. | १, २, ३, ४, ५, ६, ७, ८, ९, १०, ११ |
| | पचरौता न.पा. | ८, ९ |
| | परवानिपुर गा.पा. | १ |
| | फेटा गा.पा. | १, २, ३, ५, ६, ७ |
| | परसौनी गा.पा. | १, २, ४, ५, ६, ७ |
| | सिम्रौनगढ न.पा. | ४, ५, ६, ८, ९, १०, ११ |
| | सुवर्ण गा.पा. | ६ |
| रौतहट | बौढिमाई न.पा. | ७, ९ |
| | गुजरा न.पा. | ४ |
| | मौलापुर न.पा. | ९ |
| | फतुवा विजयपुर न.पा. | ४, ६, ९, १०, ११ |


पूर्व तर्फको (विस्तारीत क्षेत्रको) सिंचाई प्रणालीले प्रभाव पार्ने क्षेत्रहरु :

| जिल्ला | पालिका नाम | वडा नं. |
|---|---|---|
| महोत्तरी | औराही न.पा. | १, २, ३, ४, ५, ६, ७, ८, ९ |
| | वालुवा न.पा. | १, २, ३, ४, ५, ६, ७, ८, ९, १०, ११ |
| | वर्दिवास न.पा. | १२ |
| | भंगाहा न.पा. | १, २, ५, ६, ७ |
| | एकदान्रा गा.पा. | १, २, ३, ४, ५, ६ |
| | गौशाला न.पा. | २, ३, ६, ७, ९, १२ |
| | जलेश्वर न.पा. | १, ३, ६, ७, ८, १२ |
| | लोहारपट्टि न.पा. | ५, ६, ९ |
| | महोत्तरी गा.पा. | ३, ४, ५, ६ |
| | मन्रा सिस्वा न.पा. | १, २, ३, ४, ५, ६, ७, ८, ९, १० |
| | रामगोपालपुर न.पा. | १, २, ३, ४, ५, ६, ७, ८, ९ |
| | सामसी गा.पा. | १, २, ३, ४, ५, ६, ७ |
| | सोनामा गा.पा. | १, २, ३, ४, ५, ६, ७, ८ |
| सर्लाही | ब्रम्हपुरी गा.पा. | १, २, ३, ४, ५, ६, ७ |
| | चन्द्रनगर गा.पा. | १, २, ३, ४, ५, ६, ७ |
| | हरीपुर न.पा. | ५, ३ |
| | हरीपुर्वा न.पा. | १, २, ३, ४, ५, ६, ७, ८, ९ |
| | इश्वरपुर न.पा. | १, २, ३, ४, ७, ८, ९, १०, ११, १४, १५ |
| | कविलासी न.पा. | ७, ८, ९ |
| | पर्सा गा.पा. | १, २, ३, ४, ५, ६ |
| | मलंगवा न.पा. | ९, १०, ११ |
| | लालबन्दी न.पा. | ३ |

पश्चिम तर्फको (विस्तारीत क्षेत्रको) सिंचाई प्रणालीले प्रभाव पार्ने क्षेत्रको नक्शा




पूर्व तर्फको (विस्तारीत क्षेत्रको) सिंचाई प्रणालीले प्रभाव पार्ने क्षेत्रको नक्शा



यस परियोजनाका नयाँ नहर तथा संरचनाहरु निमार्णको लागी नहर अधिकार क्षेत्र सिमा (ROW) भित्र पर्ने निजी जग्गा तथा भवनहरुको अधिग्रहण गर्न जग्गा प्राप्ति ऐन, २०३४ र प्रचलित ऐन कानुनको अधीनमा रही सिंचाई विभागले जग्गा प्राप्ति गरिनेछ । यस कार्य गर्न प्रचलित ऐन, कानुन बमोजिम जिल्ला प्रशासन कार्यालयमा गठन हुने क्षतिपूर्ति निर्धारण समितिले तय गरे अनुरुप नेपाल सरकारबाट क्षतिपूर्ति वितरण गरि जग्गा प्राप्ति गरिनेछ । यसै सन्दर्भमा बागमती सिंचाइ आयोजनाको बारा, रौतहट, महोत्तरी र सर्लाही जिल्लामा हुने सिंचीत क्षेत्र विकास तथा विस्तार योजना कार्यहरुको विस्तृत अध्ययन तथा डिजाइन कार्य हाल भैरहेको र साथसाथै यस प्रस्तावित आयोजनाको वातावरणीय प्रभाव मुल्यान्कन (Environmental Impact Assessment, EIA) को कार्य पनि भैरहेको छ ।

यस प्रस्ताव कार्यान्वयन गर्नु अघि यस प्रस्तावले प्रभाव पर्न सक्ने क्षेत्रको बासिन्दाहरुसँग यस आयोजनाको निमार्ण अवधि भर र संचालनमा आए पश्च्यात स्थानीय क्षेत्रका भौतिक, जैविक, सामाजिक आर्थिक तथा सास्कृतिक प्रणालीहरु र यिनका अवयवहरुमा पर्न सक्ने अल्पकालिन वा दीर्घकालिन प्रभावहरुको पहिचान गर्न सहयोग गर्न सरोकारवाला सबै महानुभावहरुलाई अनुरोध गर्दछौं । यस प्रस्ताव सम्बन्धी कुनै राय सुझावहरु भएमा उपलब्ध गराइ सहयोग गरिदिन हुन सम्बन्धित सबै सरोकारवाला व्यक्तिहरु वा वडाबासी लगायतका संस्थाहरुलाई अनुरोध गर्दछौं ।

**थप जानकारी तथा राय सुझावको लागि पत्राचार गर्ने ठेगाना :**

| प्रस्तावकको नाम र ठेगाना : | प्रस्तावकको नाम र ठेगाना : | परामर्शदाताको नाम र ठेगाना : |
|---|---|---|
| नेपाल सरकार, उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय, जलस्रोत तथा सिंचाई विभाग, जावलाखेल, ललितपुर योजना, कार्यक्रम र समन्वय महाशाखा अध्ययन, डिजाइन र वातावरण शाखा, कोठा नं ३३४, फोन : ०१-५४३७१३६, ५४३७३०८ ईमेल : administration@dwri.gov.np सम्पर्क व्यक्ति: राजेश्वर पौडेल | नेपाल सरकार, उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय, जलस्रोत तथा सिंचाई विभाग बागमती सिंचाइ आयोजना कर्मैया, सर्लाही फोन : ०४६-४१००७५ ईमेल : bagmatisichai@gmail.com सम्पर्क व्यक्ति: मोहनबाबु यादव, सुनिल साह, सुमना पारोई | **CMS-FBC-ERMC-ECoCODE जे.भी.** थापागाँउ, नयाँ बानेश्वर, काठमाडौं । फोन : ०१-५२४४१३९ ईमेल : adhikarisudeep0@gmail.com cms@cmsnepal.org.np सम्पर्क व्यक्ति : सुदीप अधिकारी |